५) सुरक्षित बिद्यालय संरचना निर्माण गरी बालबालिकालाई आरामदायि बसाइ , सेनेटरि प्याड ब्यबस्थापन, सरसफाइ, स्वच्छ  तथा स्थानीय उत्पादित खाजा, खानेपानी, खेल मैदान जस्ता पूर्वाधार विकासका काम बिद्यालयमा सुरिक्षत बनाउने रणनीति अख्तियार गरिने छ ।

६) बिद्यालयमा देखिएका सवालका सन्दर्भमा छलफल गर्न , बिद्यालय र गाउँपालिकावीच एक अर्कामा सहयोगको सम्बन्ध सुदृढ गर्न बिद्यालय ब्यबस्थापन समिति बैठक, प्रधानाध्यापक बैठक, बिषयगत शिक्षक बैठक गरी छलफल, परामर्श गरिने छ ।

७) बालबालिका तथा शिक्षकहरुको सिकाइ अबस्थाको लेखाजोखा गरि एक आपसमा स्वस्थ बौद्धिक तथा खेलसँग सम्बन्धित शारीरिक प्रतिष्पर्धाको बाताबरण सिर्जना गर्नुका साथै सीपमा आधारित सिकाइमा जोड दिइने छ ।

८) राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ ले तोके अनुसार स्थानीय तहले लागु गर्न पाउने स्थानीय पाठयक्रम **हाम्रो कुशे ,हाम्रो खुसी** पाठयक्रम अनुसार नयाँ पाठयपुस्तक तयार गरी बिद्यार्थीको हातमा पुरयाउने ब्यबस्था क्रमश कक्षा १ देखि  शुरु गरिने छ ।

९) बिद्यालय शिक्षाका परीक्षा तथा शिक्षक ,कर्मचारी छनौटका परीक्षाहरुलाई ब्यबस्थित ,बिश्वसनिय बनाउदै लगिने र कक्षा ५ र ८ को परीक्षा थप बिश्वसनीय बनाउन  नयाँ संयन्त्र बनाइ कार्य गरिने छ ।

१०) बिद्यालयका सुचनाहरुलाई पारदर्शी र भरपर्दो बनाउन अनलाइन प्रविधिको उपयोग गरि नबिनतम तालिम गोष्ठि मार्फत शिक्षकको पेशागत क्षमता बिकास गर्नुका साथै बार्षिक  क्यालेण्डर अनुसार कामको कार्यान्वयन गरिने छ ।

११) कतिपय बिद्यालयमा परम्परागत नेतृत्वको कारणले बिद्यालय प्रभावकारी ढंगले संचालन हुन नसकेको देखिएकाले नयाँ तथा गतिशिल नेतृत्व बिकास गर्न योग्यतम, सिर्जनशील, सकरात्मक सोच र समाजमा स्थापित ब्यक्तिलाई प्रधानाध्यापकको जिम्मेवारी दिने पद्धति बसालिने छ ।

१२) बिषय बिज्ञ सम्मिलित अधिकार सम्पन्न अनुगनमन संयन्त्र बिकास गरि शिक्षकलाई पेशागत सहयोग पुरयाउने तथा पुरस्कार र दण्डको ब्यबस्था गरिने छ ।

१३)  बिद्यालय र बाल विकास केन्द्रलाई न्यूनतम मापदण्ड भित्र ल्याइने तथा नमुना बिद्यालय तथा नमुना बालबिकास केन्द्रको  अबधारणलाई क्रमश  थप गर्दै लगिने छ ।

१४) कामको गतिमा सुधार ल्याउन बालबिकास केन्द्रका शिक्षक, बिद्यालय शिक्षक तथा बिद्यालय कर्मचारीहरुको मनोबल उच्च राखिने छ ।

१५) संघ, संस्थासँगको सहकार्यमा आवश्यक साझेदारी गरिने छ ।

१६) गाउँपालिबाट आवश्यक्ता अनुसार योग्यता, क्षमता,सिप हेरी शिक्षक तथा कर्मचारीलाई काम  काजमा खटाउन सकिने ब्यबस्था मिलाइने छ ।

१७) बालबालिकाका कक्षागत सक्षमता पुरा गरी सिकाइ उपलब्धिमा बृद्धि गरिदै लगिने छ ।

